नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

मितिः २०७८।०१।२०

विश्वभर फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा समेत फैलिई कञ्चनपुर जिल्लामा उच्चदरमा संक्रमण बढदै गईरहेको सन्दर्भमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०१।२० गतेको निर्णयको आधारमा, संक्रामक रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ को अधिकार प्रयोग गरी मिति २०७८।०१।२२ गते राती १२:०० बजे देखि मिति २०७८।०१।३१ गते राती १२:०० बजे सम्म यस जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ।

१. औषधि उपचार र यस आदेशमा उल्लेख भए बमोजिमका अत्यावश्यक कामका लागि बाहेक घरबाट बाहिर निस्कन र हिडडुल गर्न नपाइने।

२. सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वमिङपूल, सपिङमल, मनोरञ्जनस्थल, सैलून, ब्यूटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन गर्न नपाइने।

३. स्वास्थ्य सेवा, दुध डेरी तथा पेट्रोलियम पदार्थ सम्बन्धी पसल व्यवसाय बाहेकका अन्य पसल व्यवसाय सञ्चालन गर्न नपाइने। तरकारी, फलफूल तथा खाद्य वस्तुका पसल/व्यवसाय हरेक आइतबार, मंगलबार र विहिबार बिहान ६:०० बजे देखि ९:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्ने।

४. मालसामान ढुवानीका साधन बाहेक अन्य सार्वजनिक एवं निजी सवारी साधन सञ्चालन गर्न नपाईने।

५. सार्वजनिक निर्माणको हकमा निर्माण सामग्री, उपकरण र कामदार निर्माणस्थलमा नै राखी निर्माण कार्य गर्न सकिने। निर्माण कार्यको लागि भनि निर्माण स्थल बाहिर सवारी साधन चलाउन वा मानिसहरु आवागमन गर्न नपाइने।

६. अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने। अत्यावश्यक सेवा प्रवाह गर्ने सरकारी कार्यालय बाहेक अन्य कार्यालयले कम संख्यामा कर्मचारी तथा सवारी साधन प्रयोग गरी कार्यालयको आन्तरिक व्यवस्थापन गर्ने व्यवस्था मिलाउने। यस विपरित कर्मचारीको आवागमन एवं सवारी साधन प्रयोग नगर्ने।

७. राजस्व दाखिला र सरकारी कारोबार बाहेक बैंक तथा वित्तीय संस्थाको सबै सेवा बन्द हुने। बैंक तथा वित्तीय संस्थाहरुले अत्यावश्यक भुक्तानीको लागि ATM तथा विधुतीय प्रणालीबाट सेवा प्रवाहको समुचित प्रबन्ध गर्ने। सर्वसाधारणले ATM को प्रयोग खाद्य वस्तु खरिद बिक्री गर्ने समयमा गर्न सक्ने।

८. नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न सकिने।

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

नेपाल सरकार गृह मन्त्रालय ... प्रशासन कार्या...

९. संचारकर्मीको हकमा नेपाल पत्रकार महासंघको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट जारी भएको पासको आधारमा आवतजावत गर्न सकिने ।

१०. विवाह तथा व्रतबन्धको लागि अनुमति तथा पास जारी गर्ने कार्य सम्बन्धित "क" वर्गको ईलाका प्रहरी कार्यालयले बढीमा १५ जनासम्म सहभागी भई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना हुने गरी गर्ने ।

११. अत्यावश्यक अवस्थामा नेपाल प्रवेश गर्न चाहने व्यक्तिहरु नेपाल सरकारद्वारा तोकिएको गड्डाचौकी र गौरीफन्टा नाकाबाट निर्धारित मापदण्ड पुरा गरी आवागमन गर्न सकिने । अन्य खुला सीमानाको जुनसुकै विन्दुबाट आवागमन नगर्ने । नेपाल प्रवेश गर्ने कञ्चनपुर जिल्लाको नागरिकको हकमा सम्बन्धित स्थानीय तहको समन्वयमा क्वारेन्टिन/आइसोलेसनमा बस्नु पर्ने तथा कञ्चनपुर जिल्ला बाहिरका नागरिकको हकमा नाकामा रहेको हेल्थ डेस्कमा स्वास्थ्य परीक्षण पश्चात होल्डिङ सेन्टरबाट सम्बन्धित स्थानीय तहको समन्वयमा गन्तव्य तर्फ पठाईने ।

१२. कोभिड-१९ को कारण देखाई दैनिक उपभोग्य बस्तु, स्वास्थ्य सामाग्रीहरुको बजारमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी गर्ने, मूल्यबृद्धि गर्ने, म्याद सकिएका खाद्यबस्तुको रिलेबलिङ गर्ने जस्ता कानून बिपरितको कार्य गर्ने जो कोहीलाई कडा कारवाही गरी सार्वजनिक गरिनेछ ।

१३. यस कार्यालयबाट हालसम्म उपलब्ध गराईएको सञ्चारकर्मीलाई बाहेक सवै पासहरु खारेज गरिएकोछ ।

१४. यो आदेश लागू भएको मिति देखि यस अघि जारी भएको आदेश निष्क्रिय हुनेछ।

यस आदेशको पालना गर्नु गराउनु सम्बन्धित सवैको कर्तव्य हुनेछ । आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२०७८/०१/२०

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी